स्थानीय सरकार

# मैवाखोला गाउँपालिका

# गाउँसभाको सचिवालय

## साँघु, ताप्लेजुङ

प्रदेश नं १, नेपाल

### गाउँसभाको सोह्रौ अधिवेशनको बैठकको निर्णयहरू

(मिति २०८१ फाल्गुन २२)

<u>सभाको १६ औं आधिवेशनको पहिलो बैठकका कार्यसूचीहरु:</u>

१. गाउँसभाको सोह्रौ अधिवेशन आव्हान गरेको पत्रको व्यहोरा सभा समक्ष अध्यक्षद्वारा प्रस्तुत ।
२. समसामयिक विषयमा छलफल गर्ने प्रक्रियाको लागि (शून्य) समय निर्धारण ।
३. लेखा समितिको प्रतिवेदन सभामा प्रस्तुत र छलफल ।
४. न्यायिक समितिको गत आ.व. २०८०।८१ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत र छलफल ।
५. अनुगमन समितिको गत आ.व. २०८०।८१ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत र छलफल ।
६. चालु आर्थिक वर्ष २०८१।८२ मा हाल सम्म गाउँकार्यपालिकाले गरेको निर्णयहरू अनुमोदनका लागि सभा समक्ष पेश ।
७. बैठक समापन ।

<u>निर्णयहरू</u>

१. अध्यक्ष मार्फत गाउँ सभाको अधिवेशन आव्हान गरिएको सूचना वाचन गरेर बैठकको प्रारम्भ भयो ।
२. त्यस्तै कार्यसूचीको दोस्रो नम्बरमा समसामयिक विषय (शून्य समय)मा सदस्य श्री रामकुमार चोङ्वाङले आफ्नो भनाईहरु राख्नुभयो ।
३. कार्यसूचीको तेस्रो नम्बरमा रहेको अर्थ तथा सार्वजनिक लेखा समितिको प्रतिवेदन सभा समक्ष अर्थ तथा सार्वजनिक लेखा समितिका सभापति श्री चन्द्र कुमार तामाङले पेश गर्नु भयो।
४. कार्यसूचीको चौथो नम्बरमा रहेको न्यायिक समितिको गत आ.व. २०८०।८१ को वार्षिक प्रतिवेदन सभा समक्ष न्यायिक समितिका संयोजक श्री कमल कुमारी लिम्बुले पेश गर्नु भयो ।
५. कार्यसूचीको पाचौं नम्बरमा रहेको अनुगमन समितिको गत आ.व. २०८०।८१ को वार्षिक प्रतिवेदन अनुगमन तथा सुपरिवेक्षण समिति संयोजक श्री कमल कुमारी लिम्बुले पेश गर्नु भयो ।
६. सभामा प्रस्तुत तिनवटै प्रतिवेदन माथि छलफल भई सदस्यहरूले आफ्नो धारणा समेत राखि अनुमोदन भयो ।

७. त्यस्तै कार्यसूचीको छैटौं नम्बरमा रहेको चालु आर्थिक वर्ष २०८१।८२ मा हाल सम्म गाउँ कार्यपालिकाले सभामा अनुमोदन गर्ने गरी गरेको तपसिल अनुसारका निर्णयहरू सभामा अध्यक्ष मार्फत प्रस्तुत भई सर्वसम्मतले अनुमोदन भयो ।

| कार्यपालिका बैठक निर्णय नं. | निर्णय मिति | निर्णय व्यहोरा | कैफियत |
|---|---|---|---|
| ०४ | | जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८१ लाई लक्षित गरी राखिएको ७ वटै प्रदेशलाई समेट्ने गरी मैवाखोला गाउँपालिका भित्रका मा.वि तथा नि.मा.वि. सञ्चालित विद्यालयहरूका विद्यार्थीहरूलाई स्मार्ट पि.टी. तथा सांस्कृतिक कला प्रशिक्षण तथा प्रदर्शनी शीर्षकका लागि रु १५ लाख रकम एमबीबिएस डाक्टर अध्ययन छात्रावृत्ति शीर्षकबाट रकमान्तर गर्ने साथै यस निर्णयलाई आगामी हिउँदे सभामा अनुमोदनका लागि पेश गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| ०९ | २०८१/१०/२४ | मैवाखोला गाउँपालिका वडा नं. ४ स्थित रिफैले मिलन चोक टोल विकास संस्थाको च.नं.१२ मिति २०८१\१०\२१ गतेको पत्र तथा संस्थाको निर्णय सहित ओखरबोटे खानेपानीका लागि विनियोजित बजेटले खानेपानीको संरचना मर्मत गर्न अपुग हुने भएकोले उक्त खानेपानी मर्मतलाई Wash Plan बनेका स्थानीय तहहरूमा प्राथमिकताका आधारमा Wash plan implementation गर्न बीउ पूँजी शीर्षकबाट रु २०००००\- अक्षरेपी दुई लाख मात्र थप गरी खर्च गर्ने सर्व-सम्मतले निर्णय गरियो । | |
| ०८ | २०८१/११/०९ | चालु आ.व.मा सम्झौता बमोजिम ट्रयाक्टर खरिद गरिसकिएको तर ट्रयाक्टरको डाली, छत निर्माण, हाइड्रोलिक जडान र रङ रोगनका लागि रु २०००००\- रकम अपुग भएको हुँदा ट्रयाक्टर खरिद शीर्षकमा रकममा विविध शीर्षकबाट रकमान्तर गर्ने निर्णय सर्व सम्मतले निर्णय गरियो । | |
| ०९ | | मैवाखोला गाउँपालिका भित्र रहेका अति विपन्न फुसको छाना भएका | |



CamScanner

| | | | |
|---|---|---|---|
| | | घरपरिवारलाई फुसको छाना प्रतिस्थापन कार्यक्रमका लागि रु २०,००,०००।- अक्षरेपी बीस लाख मात्र रकम सहुलियत कर्जा शीर्षकबाट रकमान्तर गरी खर्च गर्ने र यस निर्णयलाई आगामी हिउँदे सभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो । | |
| १७ | | १४ औं अन्तरराष्ट्रीय नारी दिवस मनाउनका लागि रु ७०,०००। अक्षरेपी सत्तरी हजार रकम विविध शीर्षकबाट खर्च गर्ने सर्व-सम्मतले निर्णय गरियो साथै यस निर्णयलाई आगामी हिउँदे सभामा पेश गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| १८ | | आर्थिक वर्ष २०८१\०८२ को बजेटमा कृषि तथा औद्योगिक मेला प्रदर्शनीका लागि रू १०००००।- अक्षरेपी एक लाख मात्र रकमलाई साँघु कोलडाँडामा रहेको नर्सरी व्यवस्थापनका लागि रकमान्तर गरी खर्च गर्ने सर्व सम्मतले निर्णय गरियो । साथै यो निर्णय आगामी सिउँदे सभामा पेश गर्ने सर्व सम्मतले निर्णय गरियो । | |
| ५ | २०८१/११/२२ | मैवाखोला गाउँपालिकाको आ.व.२०८१/०८२ को लागि मैवाखोला मा.वि. को खेलमैदान विस्तार गर्न प्रदेश सरकार समपुरक अनुदानबाट विनियोजित बजेट रु ५०,००,०००। र प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ को दोश्रो संसोधन २०७९ को दफा ४ को उपदफा २ बमोजिम प्रदेश समपुरक कोषको लागत अनुमानको ब्रढिमा ६५ प्रतिशत र स्थानीय सरकारको ३५ प्रतिशत खर्च गर्ने गरी लागत अनुमान रु ८०,१६,१८६.५९ स्वीकृत भई प्रथम पटक **Maiwakhola Ma Vi Khel maidan bistar, RM-02(M/WORKS/NCB/2081-82-1)** का लागि ल.ई. स्वीकृत भई मिति २०८१/०४ /०२ मा पहिलो पटक सूचना प्रकाशित गरी e-GP मार्फत सिलबन्दी दरभाउपत्र आहान गरिएको थियो । यसरी निर्माण कार्यको खरिदका विभिन्न चरणहरु पार गर्दै **Shikhar Nirman Sewa And Suppliers, Pvt.Ltd.,Kathmandhu-10, Kathmandhu** सँग मिति २०८१/०५/२३ गते जम्मा रु.३४,९३,०९५ ।भ्याट बाहेक रकममा सम्झौता भएको थियो ।<br>सम्झौता हुदा BOQ मा उल्लेखित Estimate ,Design र Drawing तयार गर्दा ग्राउन्डको बाहिरी भागमा हेरी लागत अनुमान तयार गरिएको र उक्त बाहिरी भागमा हेर्दा चट्टान को मात्रा कम देखिएको तर निर्माण | |

| | | | |
|---|---|---|---|
| | | कार्य अगाडी बढाउँदा चट्टानको मात्रा साथै Excavation को लम्बाई, चौडाई समेत बढ्न गएको र Protection Wall मा राखेको Gabion Wall को लम्बाई र उचाई समेत नबढाई ग्राउन्डमा खेल खेल्न आवस्यक ग्राउन्डको साइज नपुग देखिएको तर उक्त कार्यहरु पुरा गर्दा Project को Scope परिवर्तन नहुने गरी निर्माण स्थलमा देखिएका पक्षहरुलाई जनप्रतिनिधि, वि.व्य.स., प्राविधिक समेतको स्थलगत अनुगमन साथै मैवाखोला, गाउँ कार्यपालिकाको मिति २०८१/१०/०६ को निर्णय अनुसार आवस्यक फिल्ड अध्ययन गर्न प्राविधिक समिति गठन गर्ने निर्णय भएको थियो । उक्त समितिको प्रतिवेदन अनुसार भेरिएसन तयार गर्ने निर्णय भएकाले प्रतिवेदन अनुसार माथि उल्लेखित कार्यहरू तत्काल गर्नु बढी उपयुक्त देखिएको साथै पालिका स्तरीय रास्ट्रपति रनिगं शिल्डका खेलहरु समेत उक्त खेल मैदान मा खेलाउने निर्णय भए बमोजिम BOQ मा Excavation Works (All Type,Ordinary Rock,Hard Rock), Gabion Wall को परिमाण थप हुने र माटो Transportation लागि परिमाण, Soling Works,PCC Works BOQ मा राखिएको तर उक्त कार्य गर्न नपर्ने भएको हुनाले उक्त कार्यहरु हटाई खेलमैदान निर्माण गर्न सार्वजनिक खरिद ऐन ,२०६३,को दफा ५४ र मैवाखोला गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०८१ को नियम १२७ अनुसार VOI गर्न मिल्ने देखिएकोले VOI तयार गरीहुन आउने रकम रु .६२,९८,९६१.२५ (भ्याट वाहेक) सुरु सम्झौता रकम भन्दा ८०.१७% ले बढी रहेकाले सार्वजनिक खरिद ऐन २०६३, को दफा ५४ र मैवाखोला गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १२७ को उपनियम १(घ) को प्रयोजनार्थ भेरिएसन आदेश जारी गरी प्रमाणीकरणको प्रकृयाको लागि पूर्वाधार शाखा प्रमुख श्री उमेश भट्टराईले पेश गरेको टिप्पणी, लागत अनुमान तथा अनुगमन समितिको प्रतिवेदन उपर छलफल गरी भेरिएशन आदेश जारी गर्न निर्देशन दिने र अनुमोदनका लागि सभामा पेश गर्ने सर्व सम्मतले निर्णय गरियो । | |



CamScanner

कार्यपालिका बैठक निर्णय नं. ४, मिति २०८१/११/०९

आर्थिक वर्ष २०८१\०८२ को बजेटमा समावेश भएका वडाहरूको योजनाहरू तपशीलको योजना शीर्षकमा रकमान्तर गर्ने सर्व सम्मतले निर्णय गरियो । साथै आगामी हिउँदे सभामा पेश गर्ने सर्व सम्मतले निर्णय गरियो ।

| क्र.सं. | वडा | हालको योजनाको नाम | संशोधन भएको योजनाको शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | आहाले सिँचाईं निर्माण | सावायहाङ खेल मैदान स्तरोन्नति | रु ३,००,०००।- | |
| २ | १ | बोझेपोखरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | चित्रे मानेडाँडा मोटरबाटो सोलिङ | रु ४,००,०००।- | |
| ३ | १ | सुन्तला पकेट कार्यक्रम | सुन्तला प्रवर्द्धन कार्यक्रम | रु २००,०००।- | |
| ४ | ३ | साँघु बजार खेलमैदान मर्मत | युवा खेलकुद (महाशिवरात्री विशेष कार्यक्रम) | २,००,०००।- | साँघु बजार खेलमैदान मर्मतमा रहेको रु १०००००।- रकम युवा खेलकुद (महाशिवरात्री विशेष कार्यक्रम) शीर्षकमा थपिएको |
| ५ | २ | तेम्बे चोकदेखि पिएचसी सम्म सडक सोलिङ (अध्यक्ष तथा प्रधानमन्त्रि रोजगार दुवै अन्तर्गत रहेको | तेम्बे चोकबाट पि एचसि जाने सडक सोलिङ (अध्यक्ष रोजगार कार्यक्रम) र पि एचसी जाने टर्निङको बाटो बाट सविन वनेमको घरदेखि तल्तिरको ट्रनिङ सम्म | १४२,८५७। (अध्यक्ष रोजगार) र रु १००,०००।(प्रधानमन्त्री रोजगार) | |

 (मिति २०८१ फाल्गुन २२ गतेको गाउँसभाको सोह्रौं अधिवेशनको बैठकको निर्णयहरू)

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सडक सोलिङ (प्रधान मन्त्री स्वरोजगार कार्यक्रम) | | |
| ६ | २ | सिकारी टारदेखि भुसुने, मुडे पदमार्ग | माने डाँडा देखि डवलीटार सडक खण्डमा सडक सोलिङ | रु १००,०००।- | |
| ७ | २ | लेकुवा हुँदै तेम्बे जाने सडक सोलिङ | लेकुवा हुँदै तेम्वे जाने सडक खण्डमा सडक सोलिङ | रु १००,०००।- ( प्रधानमन्त्री रोजगार तर्फ) | |
| ८ | ६ | लुक्चुवा देखि काफ्ले चौतारा, अजिरुवा, खानी, साम्तोङ, वसाङ्लुङ, सिन्धोलुङ झरना सम्मको सडक डि.पि.आर | क) साइलुक्पा स्वास्थ्य चौकीको झ्यालमा ग्रिल र व्यवस्थापन<br>ख) ६ नं. वडा कार्यालयको फलामे गेट निर्माण र व्यवस्थापन<br>ग) च्यानडाँडा रानीवन गोरेटो बाटो मर्मत<br>घ) घ) साम्तुङ स्वास्थ्य इकाई ठेस गाहो निर्माण<br>ङ) ग्रासकार्प र कमन कार्प माछाको भुरा र चारो खरिद | क) १००,०००।-<br>ख) १००,०००।-<br>ग) २००,०००।-<br>घ) २००,०००।-<br>ङ) १००,०००।- | |

**कार्यपालिका बैठक निर्णय नं. ६, मिति २०८१/११/२२**

महालेखा परिक्षकको कार्यालयबाट भएको लेखापरीक्षण बमोजिम यस गाउँपालिकाको आ.व. २०८०/०८१ को प्रारम्भिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख भएका नियमित गर्ने बेरूजुका सम्बन्धमा कार्यपालिका हुदै सभामा पेश गर्ने गरी तपसिल अनुसारका सार्वजनिक लेखा समितिका निर्णयहरुलाई यस बैठकमा छलफल गरी सभामा अनुमोदनका लागि पेश गर्ने सर्वसम्मतले गरियो ।

<table>
<tr><th>बे.द. नं.</th><th>बेरूजु विवरण</th><th>रकम</th><th>बेरूजु फछ्यौट व्यहोरा</th><th>रकम</th><th>फछ्यौट गर्ने जिम्मेवार व्यक्ति को नाम</th></tr>
<tr><td>५४.२</td><td><u>भेरिएसन बेगर वढी भुक्तानी:</u> सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थितिमा सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारि गर्नसक्ने व्यवस्था छ । पालिकाले अस्पताल भवन निर्माण कार्यको दोस्रो रनिङ्ग विल सम्म रु.४७९३६९६६।२३ (मुल्य समायोजन मुअकर समेत) मुल्याङकन गरी भुक्तानी भएको देखिन्छ तथापी उक्त निर्माण कार्य यो वर्षको अन्य सम्म २० प्रतिशत भौतिक प्रगती तथा २८ प्रतिशत मात्र वित्तिय प्रगती भएको पालिकाले जनाएको छ ।पालिकाले मिति २०८१।०३।२५ प्रश्चात उत्त निर्माण कार्यको म्याद थप समेत भएको छैन। पालिकाले पटक पटक निर्माण व्यवसायीले निर्माण कार्यको प्रगती हासिल गर्न पत्रचार गरेतापनी हाल निर्माण व्यवसायीले निर्माण कार्य समेत सुचारु गरेको छैन। पालिकाले सम्झौताका शर्थ तथा खरिद कानुन बमोजिम निर्माण व्यवसायीलाई थप जवाफदेहि बनाई निर्माण कार्य सम्पन्न गरी अस्पताल बाट सेवा प्रवाह गराउने तर्फ पालिकाको ध्यान जानु पर्छ ।
<table>
<tr><th>सिन</th><th>आईटम नं</th><th>विवरण</th><th>विओक्यु परिणाम</th><th>भुक्तानी परिणाम</th><th>दर</th><th>बढी मुल्याङ्कन रकम</th></tr>
<tr><td>१</td><td>२.१</td><td>ston soling</td><td>३०२.६९</td><td>३२३,८०</td><td>२०००</td><td>४२२२०</td></tr>
<tr><td>२</td><td>२.२</td><td>stone mesnary</td><td>१४३.७३</td><td>१७३.०७</td><td>७०००</td><td>२००५३८०</td></tr>
<tr><td>३</td><td></td><td>stone mesary</td><td>१५४०।४५</td><td>११६६।५७</td><td>७९७२।४५</td><td>२९८०७३९।६०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>३२२८३३९।६०</td></tr>
<tr><td></td><td></td><td>मुअकर</td><td></td><td></td><td></td><td>४१९६८४।१४</td></tr>
<tr><td></td><td></td><td>कुल जम्मा</td><td></td><td></td><td></td><td>३६४८०२३।७५</td></tr>
</table></td><td>३६,४८,०२३।७५</td><td>निर्माण कार्य स्थल दलदल क्षेत्र भएकाले निर्माण कार्य अगाडि बढाउदै गर्दा, निर्माण कार्य स्थल भन्दा माथि रहेका स्वास्थ्य संरचना हरु क्षति भएको र थप क्षति हुनबाट जोगाउन तत्काल मेसिनरी वाल लगाउनु पर्ने भएकाले भेरिएसन अर्डर जारी नगरी सोहि निर्माण कम्पनी लाई सो कार्य गर्न लगाइएको र स्वास्थ्य संरचनाहरुको संरक्षण गरिएको ले उल्लेखित आइटमहरु बढी हुन गएकोले बढी भुक्तानी भएको देखिन्छ। तसर्थ अब उप्रान्त सो प्रकृतिको कार्य गर्दा अनिवार्य रुपमा भेरिएसन अर्डर जारी गरेर मात्रै निर्माण प्रकृया अगाडि बढाउने प्रतिवद्धताका साथ बेरुजु लागत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो ।</td><td>३६,४८,०२३।७५</td><td>लेखा उत्तरदायि अधिकृत</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३६,४८,०२३।७५</td><td>जम्मा</td><td>३६,४८,०२३।७५</td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ५७.२ | निर्माण कार्यको दर विश्लेषण: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान गर्दा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९को अधिनमा रहि तयार गर्नु पर्ने र निर्माण कार्यको लागत अनुमान तयार पार्दा निर्माण सम्बन्धी नम्स भए तेस्तो नम्स बमोजिम र त्यस्तो नम्स भएको अवस्थामा आवस्यक नम्स तयार गरी तेस्तो नम्स नेपाल सरकार मन्त्रिपरिदद्वरा स्विकृत गराई स्विकृत नम्स बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । नेपाल सरकारले भवन निर्माणको लागी सहरी विकास तथा भवन निर्माण विभागले जारी गरेको नम्सको प्रयोग गर्नु पर्ने देखिन्छ । पालिकाको प्रशासनिक भवन निर्माण लागत अनुमान प्रयोग भएको दर विश्लेषणको परिक्षण गर्दा brick masonry 1.4 को लागि प्रति घनमिटर ५६० ईटा समावेश गरी प्रतिघनमिटर लागत रु. २९,१५,२७५ कायम गरेको देखिन्छ । नम्समा ईटा साईज बमोजिम इटा समावेश गर्नुपर्ने उल्लेख भएको तथा दर विश्लेषण तराइको ठुलो साइजको इटाको प्रतिगोटा रु. ३३.३३ का दरले रेट समावेस गरेको देखिन्छ । तराईको इटाको साइज बमोजिम प्रतिघनमिटर ४०० ईटा मात्र लाग्नेगरी पालिकाले अन्य योजनाको लागत अनुमान तयार गरेकोमा ५६० ईटा समावेस गरि लागत अनुमान गर्दा कुल ५२३.५५ घनमिटरमा प्रतिघनमिटर रु.६१३२.७२ बढी लागत अनुमान भई कुल रु.३२१०७८५ तथा brick masonry १.६ को १८.५३ घन मिटरमा प्रतिघनमिटर रु.६१३२.७२ का दरले हुने रु.१,१३,६३९ समेत रु.३३,२४,४२४।०० बढी लागत अनुमान तयार गरेको छ । निर्माण व्यवसायीले समेत उल्लेखित आइटमहरु क्रमस रु. २८,००० र रु. ३०,००० कवोल गरेको देखिएकोले लागत अनुमान गर्दा इटाको संख्या बढी समावेस गर्दा व्ययभार परेको रु. ३३,२४,४२४ | ३३,२४,४२४ | पालिकाको प्रशासनिक भवन निर्माणको लागत अनुमान प्रयोग भएको दर विश्लेषणको परिक्षण गर्दा brick masonry 1.4 को लागि प्रति घनमिटर ५६० ईटा समावेश गरी प्रतिघनमिटर लागत रु. २९ कायम गरेको १५२.७५, उक्त दर विश्लेषण गर्दा त्रूटि भई नम्समा ईटा साईज वमोजिम इटा समावेश गर्नुपर्ने उल्लेख भएको तथा दर विश्लेषण तराइको ठुलो साइजको इटाको प्रतिगोटा रु. ३३.३३ ले रेट समावेश तर तराइको इटाको साइज बमोजिम प्रतिघनमिटर ४०० ईटा मात्र हुनु पर्ने भएको तर लागत अनुमान गर्दा कुल ५२३.५५ घनमिटरमा प्रतिघनमिटर रू बढी लागत अनुमान रू ३२१०७८५ तथा brick masonry१८.५३ को ६ घन मिटरमा प्रति घनमिटर रू६१३२ का दरले हुने रू ३३२४२४।०० बढी लागत अनुमान तयार भएकोले आगामी निर्माणकार्यहरु गर्दा यथेस्ट दर विश्लेषण गरि निर्माण कार्य गर्ने प्रतिवद्धताका साथ वेरुजु लागत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो । | ३३,२४,४२४ | लेखा उत्तरदायी अधिकृत |

<table>
<tr>
<td>६३</td>
<td>

<u>भेरिएसन बेगर बढी भुक्तानी:</u>

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । पालिकाले वडा नं. ३ स्वास्थ्य भवन निर्माण कार्यको अन्तिम रनिङ विल सम्म कुल रु. ३८,१६,१२९।०० को प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरेकोमा देहायको आइटम भेरिएसन पश्चातको विओक्युमा रहेको आइटम भन्दा बढी मुल्याङ्कन गरी भुक्तानी गरेको देखिन्छ । यसरी बढी समावेश भएको Plumbing and toilet fitting work ( Indian/European Commode with cestern flushing system, Connecting spraying, Toilet holder paper,Steel stand fitting for orphanase people, Pipe Fitting toilet to safety tanky and all toilet fittings as per necessesity ) को लागि रु, १,७२,००० समावेश गरी सम्झौता गरेकोमा सो कार्य नगराई देहाय बमोजिमको आइटममा विओक्यु परिमाण भन्दा बढी भुक्तानी भएको देखिन्छ । भेरिएसन बेगर प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु

<table>
<tr><th>सि.न.</th><th>आईटम नं.</th><th>विवरण</th><th>विओक्यु परिमाण</th><th>भुक्तानी परिमाण</th><th>दर</th><th>बढी मुल्याङ्कन रकम</th></tr>
<tr><td>१</td><td>८</td><td>Pcc m20</td><td>४०.१३</td><td>५७.६७</td><td>११००० </td><td>१९२९४०</td></tr>
<tr><td>२</td><td>१४</td><td>Local wood chukosh</td><td>०.९७</td><td>१.१०</td><td>८८०००</td><td>११४४०</td></tr>
<tr><td>३</td><td>New item</td><td>Plaster 1:6</td><td>०, sqm</td><td>२९३.१२</td><td>३७८.४७</td><td>११०९३७१</td></tr>
<tr><td>४</td><td>१५</td><td>Transportation of cement</td><td>२१८६८.६८</td><td>२८३११६.०७</td><td>५</td><td>३२२३६.९५</td></tr>
<tr><td>५</td><td>१६</td><td>Transportation of sand</td><td>३७.१७</td><td>४३.५७</td><td>२५००</td><td>१६०००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>३६३५५४.१</td></tr>
</table>

</td>
<td>३,६३,५५४.१०</td>
<td>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । निर्माण कार्य अगाडि बढाउन बोलपत्र आव्हान गर्ने क्रममा BOQ मा उल्लेखित आइटम हरु Plumbing and toilet fitting work ( Indian/European Commode with cestern flushing system, Connecting spraying, Toilet holder paper,Steel stand fitting for orphanase people, Pipe Fitting toilet to safety tanky and all toilet fittings as per necessesity ) भएको तर निर्माण कार्य अगाडि बढाउने क्रममा उक्त आइटम भन्दा भवनलाई निर्माण कार्य सम्पन्न गर्न भऱ्याङ निर्माण गर्नु पर्ने, पलस्टर, झ्याल ढोकाको चौकट लगाउनु पर्ने आवश्यक देखिएको ले माथि BOQ मा भएको ट्वाईलेटको फिनिसिङ कार्य बराबरको रकम प्रयोग हुने गरि माथि उल्लेखित अत्यावस्यक कार्यहरु सम्पादन गरिएको हुनाले ठेक्का सम्झौता रकम भित्रै रहि कार्य सम्पन्न गरिएको । अब उप्रान्त Variation Order जारि गरेर मात्र कार्य सम्पादन गर्ने प्रतिवद्धताका साथ बेरुजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो ।</td>
<td>३,६३,५५४.१०</td>
<td>लेखा उत्तरदायि अधिकृत</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ६४ | <u>एकमुस्ट मुल्याङ्कन:</u><br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्रविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष मैवाखोला मा.वि को ८ कोठे भवन निर्माणका लागि निर्माण व्यवसायीले दोभान भ्याली निर्माण सेवा सँग सम्झौता गरी अन्तिम प्राविधिक मुल्याङ्कन रु.५५,२०,४२४ भुक्तानी गरेको देखिन्छ । उत्त निर्माण कार्यमा प्रोभिजनल सम आइटममा एकमुस्ट रुपमा insurance and electrical and fitting को आईटम समावेस गरी रु.३,९५,००० समावेश गरी प्राविधिक मुल्याङ्कन समेत एकमुष्ट रु.३,७०,६२३ समावेश गरी भुक्तानी गरेको देखिन्छ । नापी गर्न सकिने इलेक्ट्रिकल आइटम एकमुष्ट प्रोभिजनल सममा समावेश गरी भुक्तानी गरेकोले खपत भएको सामग्रीको आधारमा नापी किताब तयार गरी नियमित गर्नु पर्ने देखिएको | ३,७०,६२३ | उत्त निर्माण कार्यमा प्रोभिजनल सम आइटममा एकमुस्ट रुपमा insurance and electrical and fitting को आईटम समावेस गरी रु.३,९५,००० ठेक्का आव्हान भएको र भुक्तानी गर्ने क्रममा निर्माण व्यवासयीले रु ३,७०,६२३ बराबरको insurance and electrical and fitting को आईटमको बिल भर्पाई पेश गरेको र उक्त बिल भर्पाई बराबरको आइटमहरु भेरिफाइ गरि भुक्तानी दिईएको । अब उप्रान्त electrical and fitting को आईटम हरु प्रोभिजनल सममा नराखि जेनेरल आइटममा राखि BOQ तयार गरिने र नापी किताब समेत तयार गरी ठेक्का प्रक्रिया अगाडि बढाइने प्रतिब्द्धताका साथ बेरुजुको लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो । | ३,७०,६२३ | लेखा उत्तरदायी अधिकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| ६९ | <u>औषधी खरिद</u><br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम ९(क) मा पहिलो पटकको सुचना बमोजिम पेश भएका दरभाउपत्र मध्य न्यूनतम तिनवटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुने अवस्थामा मात्र सबै भन्दा कम कवोल अंक रहेको दर भाउपत्र स्विकृतिको लागी मुल्याङ्कन समितिले छनोट गर्नुपर्ने अवस्थामा पुनः सिलवन्दी दरभाउपत्रको लागी सुचना आव्हान गर्नुपर्ने व्यवस्था छ । लागत अनुमान रु.२० लाख रहेको नि:शुल्क प्रदान गरिने विभिन्न ६१ प्रकारका औषधी खरिद कार्यको लागी १५ दिनको म्याद दिइ मिति २०८०/०५/२२ मा सिलवन्दी दरभाउको सुचना प्रकाशन भएकोमा ३ वटा फर्मले दरभाउपत्र पेश गरेको पाइयो । पेश भएका दर भाउपत्र मध्ये अमन फार्मेसीको रु.१९,५६,९४८।००, जनकल्याण फर्मेशीको रु.१९,६०,८४८।५० तथा कालिमा ड्रगसको रु.२५,०५,२००।०० को दररेट पेश भएकोमा कालिमा ड्रगसको दररेट लागत अनुमान भन्दा वढी हुनगई २ वटा फर्ममात्र सारभुत रुपमा प्रभावग्राही रहेको पाईयो । खरिद नियमावली भएको व्यवस्था अनुसार न्यूनतम तीनवटा दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही नभएको अवस्थामा पुनः सिलवन्दी दरभाउपत्रको सूचना प्रकाशन गरी खरिद प्रकृया अगाडी वढाउनुपर्नेमा सो नगरी पेश भएकामध्ये न्यूनतम कवोल गर्ने अमन फर्मेसीसँग मु.कर बाहेक रु.१९,५६,९४८।०० को ठेक्का सम्झौता गरी गो.भौ.नं.१५४/२०८०/१०/०९ बाट रु.१९,६८,०००।०० भुक्तानी गरेको पाइयो । यसरी खरिद नियमावलिमा भएको प्रावधान अनुसार तीनवटा दरभाउपत्र सारभुत रुपमा प्रभावग्राही नभएको अवस्थामा पुनः सुचना प्रकासन गरी प्रतिस्पर्धात्मक विधिवाट खरिद प्रकृया अगाडी वढाउनुपर्नेमा सो नगरी खरिद कार्य गरेको नियमसम्मत नदेखिएको रु | १९,६८०००।०० | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम ९(क) मा पहिलो पटकको सुचना बमोजिम पेश भएका दरभाउपत्र मध्य न्यूनतम तिनवटा दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही हुने अवस्थामा मात्र सबै भन्दा कम कवोल अंक रहेको दर भाउपत्र स्विकृतिको लागी मुल्याङ्कन समितिले छनोट गर्नुपर्ने अवस्थामा पुनः सिलवन्दी दरभाउपत्रको लागी सुचना आव्हान गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्था भएता पनि पुन अर्को सुचना प्रकासित गर्दा औषधि खरिद प्रकृयामा ढिलाई भई सेवा प्रवाहमा असर पर्ने देखिएको ले सारभुत रुपमा प्रवाभग्राहि देखिएका २ वटा फर्म मध्ये कम कवोल भएको फर्म बाट औषधि खरिद गरि सेवा वितरण गरिएकोले अब उप्रान्त यसो नगरि सार्वजनिक खरिद ऐन नियमावली लगायतका कानूनी आधार हरु पूर्ण पालना गर्ने प्रतिबद्धता सहित बेरुजु लागत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो । | १९,६८०००।०० | लेखा उत्तरदायि अधिकृत |

७२

सोह्रौं खरिद:

सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्विकृत कार्यक्रम र योजना अनुसार २० लाख रूपैया सम्मको लागत अनुमान मालसामान निर्माण कार्य सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु१० लाखसम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढी रकमको वा एउटै व्यत्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले देहायका बिभिन्न गो भो न र मितिबाट मसलन्द तथा कार्यालय सामान,फर्निचर,कम्प्यूटर,ल्याबटप,पिन्ट्रर लागतका सामाग्रीहरु खरिद गर्दा प्याकेज बनाई ठेक्का प्रकृयाबाट खरिद गर्नु पर्नेमा सो नगरी पटक पटक एउटै वा फरक फरक फर्मबाट कोटेसनको माध्यम बाट खरिद गरेको पाइयो । यस किसिमको खदरिद कार्य मितव्ययी तथा परदर्शी भयो भनी आवश्यकता हुन नसकिने हुदा खरिद ऐन,नियममा भएको व्यवस्था परिपालनमा पालिकाको ध्यान जानुपर्दछ । साथै खरिद नियमावालि तोकेको सिमा भन्दा बढी रकमकै एउटै पर्मबाट पटक पटक खरिद गरेको नियमसम्वत नदेखिएको रु.

| क्र. सं | खर्च शिर्षक | गो.भो.नं .मिति | खरिद विवरण | फर्मको नाम | भुक्तानी रकम | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | गा.पा चालु | ७३।२ ०८०। ०८।२ ६ | ल्यापटप प्रिन्टर खरिद | ताप्लेजूङ कम्प्यूटर एण्ड सप्लायर्स | ७२८ १४९ ।०० | २२३२०९६.०० |
| २ | गा.पा चालु | १४९। २०८० ।१०। ०९ | युपिएस ब्याट्रि लगायत | ताप्लेजूङ कम्प्यूटर एण्ड सप्लायर्स | १५४ ७०५. ०० | |
| ३ | गा.पा चालु | ५३५। २०८१ ।०३। १५ | विद्यालयका लागि आवश्यक सामग्री खरिद | ताप्लेजूङ कम्प्यूटर एण्ड सप्लायर्स | ९९९ ३९४. ०० | |
| ४ | गा.पा पुजिगत | ४१।२ ०८०। १२।२ ५ | कम्प्युटर प्रिन्टर खरिद | ताप्लेजूङ कम्प्यूटर एण्ड सप्लायर्स | ३४९ ८४८. ०० | |
| १२ | गा.पा चालु | [illegible] २०८१ ।०३। १८ | [illegible] सामान | [illegible] अपसेट प्रेस | [illegible] ७९२. ०० | |
| जम्मा | | | | | | |

२२,३२,०९६।००

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२)मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेकोमा कार्यालयले सार्वजनिक खरिद नियमावली ६४ को नियम ११ अनुसार लागत अनुमान तयार नगरी रू. २२३२०९६।०० मुल्यको समानहरुको सोझै खरिद गरेकोले खरिद कार्य कानुन प्रतिकुल देखिएको भनि वेरुजु औंलाएकोमा सार्वजनिक खरिद नियमावली. ६४ को नियम ८५ मा उल्लेखित प्रावधानका आधारमा खरिद गरिएको साथै, दैनिक रुपमा प्रभावकारी सेवा प्रवाह गर्नेकालागि कार्यालयलाई व्यवस्थत ढंगले संचालनमा ल्याउनकालागि सामाग्री तथा उपकरणहरु तत्काल खरिद गर्नु पर्ने देखिएको ले सो सामाग्रीहरु खरिद गरेको साथै अवका दिनहरुमा लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन नियमावली बमोजिम खरिद गर्ने भनि प्रतिवद्धता जाहेर गर्दै बेरुजु लागत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

२२,३२,०९६।००

लेखा उत्तरदायि अधिकृत

७३

<u>सिमा भन्दा बढीको खरिद:</u>

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम सार्वजनिक निकायले बार्षिक रु.१० लाख भन्दाबढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद योजना तयार गर्नु पर्ने र नियम ११ बमोजिम मालसामानको खरिद गर्नु पुर्व सो मालसामानको स्पेसिफिकेसन सहित लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ दफा ८ बमोजिम उपयुक्त खरिद विधिको छनोट गरी सार्वजनिक खरिद कार्य गर्नु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(ख) बमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा (दश लाख) भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने छैन भने व्यवस्था रहेकोछ । कार्यालयले देहायका फर्म तथा सामानहरु विभिन्न मितिमा कोटेसन मार्फत एकै फर्म बाट पटक पटक खरिद गरेको देखिन्छ । यसरी सर्वजनिक खरिद नियमावलीले तोकेको व्यवस्था विपरित एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा (दश लाख) भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गरेको रकम नियमसम्मत नदेखिएको रु.

| भौ.नं.मि. | कार्य विवरण | आपुर्तिकर्ताको नाम | भु.रकम |
|---|---|---|---|
| ३।२०८०। ०८।१० | पहिरो हटाउने कार्य | तेल्लाबुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०६८६०६३५) | ८,४७,९ ४६.९४ |
| १३।२०८० १०९।२४ | सगास्त्र बेस क्याम्प गेट निर्माण | तेल्लाबुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०६८६०६३५) | ४८५,४ ४०.०० |
| ८।२०८०। १०।१२ | सयावदन टोल विकास खेल मैदान निर्माण | तेल्लाबुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०६८६०६३५) | ७,४७,८ ६३.०० |
| २६।२०८० ११२।०५ | बाटी पहिरो क्षति | तेल्लाबुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०६८६०६३५) | ८,८९,० ९१.०० |
| २८।२०८० ११२।०६ | गौनमडाडा मनमाया खोला सडक | तेल्लाबुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०६८६०६३५) | ७,५१,४ ०९.०० |

३७२१७५०१००

सार्वजनिक खरिद नियमावली ८को नियम २०६४ . .बमोजिम सार्वजनिक निकायले वार्षिक रु१० लाख भन्दाबढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद योजना तयार गर्नु पर्ने रनियम ११ बमोजिम मालसामानको खरिद गर्नु पुर्व सो मालसामानको स्पेसिफिकेसन सहित लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन, २०६३ दफा ८ बमोजिम उपयुक्त खरिद विधिको छनोट गरी सार्वजनिक खरिद कार्य गर्नु पर्ने व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीको ८५ (ख) बमोजिम एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा (दश लाख) भन्दा वढी रकमको एउटै व्यक्ति, फर्म संस्था गरेको भनि वेरुजु औल्याएको छ। सार्वजनिक खरिद नियमावलीमा सो व्यवस्था भएता पनि तत्काललाई अत्यावस्क सवारी चल्न सक्ने बनाउन सो फर्ममात्र काम गर्नको लागि फुर्सद भएको र कार्यलयको कामकाजमा प्रभाव देखिने भएकाले आवश्यकता परेको वखत दसलाख भन्दा मुनी को कार्यलय सामग्री खरिद गरि कार्यलयको कामकाज सम्पादन गरिएको र सेवा प्रवाहलाई सुचारु र सरल बनाईएको तसर्थ अव उप्रान्त सोझै खरिद नगर्ने प्रतिबद्धताका साथ बेरुजु लागत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

३७२१७५०१००

लेखा उत्तरदायि अधिकृत



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७५ | ७४,२०८०।११।१५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ मा तोकिएको खर्च शिर्षकमा मात्र बजेट खर्च गर्नुपर्ने व्यवस्था छ । साथै महालेखा नियन्त्रण कार्यालयद्वारा जारी एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या ,२०७४ (दोस्रो परिमार्जन) मा समेत तोकेको तथा सम्बन्धित खर्च शिर्षकमा मात्र बजेट खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय तहका स्वास्थ्य शाखा लगाएतको तलब, भत्ता, र पोषाक भत्ता शिर्षकमा विनियोजित भएको रकमबाट स्वास्थ्य उपकरण खरिद गरेको छ ।उत्त शिर्षकमा भएको रु.२,९९,६९४।०० फरक खर्च शिर्षकबाट खर्च गरेको नियम सम्मत नदेखिएको रु. | २९९६९४।०० | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा तोकिएको खर्च शिर्षकबाट मात्र खर्च गर्नु पर्ने व्यवस्था छ । तसर्थ स्वास्थ्यकर्मीको तलब भत्ता र पोषाक भत्ता शिर्षकमा स्वास्थ्य सँग सम्बन्धित प्रशासनिक खर्च समेत गर्ने प्रावधान रहेको तर तत्काल स्वास्थ्य सामग्री आवश्यक परेकाले सो शीर्षक बाट स्वास्थ्य उपकरण खरिद गरिएको र अब उप्रान्त यसरी खर्च नलेख्ने प्रतिव्द्धता का साथ बेरुजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपलिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो । | २९९६९४।०० | लेखा उत्तरदायि अधिकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| ८२ | आर्थिक सहयोग:<br><br>५१६,२०८१।०३।१२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तीले सरकारी रकम खर्च लेखु अघि आवश्यक विल भर्पाइ वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकबाट महान सहिद स्मृती प्रतिष्ठानलाई नगत रु,२,००,०००।०० आर्थिभ सहयोग गरेको उल्लेख गरेकोमा सोको आवश्यत्तार खर्चको पुष्टाई हुने विल भर्पाई पेश गरेको छैन । उत्त भुक्तानीको आधार र प्रमाण बेगर भुक्तानी गरेको नियम सम्मत नदेखिएको | २००,०००।०० | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावालि,२०७७ को नियम ३९(१०) जिम्मेवार व्यक्तीले सरकारी रकम खर्च लेखु अघि आवश्यक विल भर्पाई वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ। महान सहिद स्मृती प्रतिष्ठानलाई आवश्यक विल भर्पाई र कागजात माग गरि कागज पत्र संकलन गरिएको छ । तसर्थ अब उप्रान्त आवश्यक विल भर्पाई खर्च लेखु भन्दा अगावै माग गर्ने प्रतिवद्धताका साथ बेरुजु लागत कट्टा गर्ने लका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो । | २००,०००।०० | लेखा उत्तरदायि अधिकृत |



CamScanner

<table>
<tr>
<td>८४</td>
<td><u>पुस्तक खरिद:</u><br><br>५३४,२०८१।०३।१५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यातिले सरकारी रकम खर्च लेख्नु अघी आवश्यक विल भर्पाइ वा कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिने रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । कार्यालयले संसारमा समाजवाद नामक ९३ थान किताब वैचारीक बुक सेन्टरबाट खरिद गरेको छ । उक्त किताबको आवश्यक्ता र उपयोग सम्मबन्धमा कुनै खुलासा गरेको देखिऐन । तसर्थ उक्त रकम खर्च गर्नुको औचित्य पुष्टि नभएकोले नियम सम्वत नदेखिएको</td>
<td>९३०००।००</td>
<td>कार्यलयले बुक खरिद गरेको तसर्थ लेखा परिक्षण अवधि सम्म वितरण नगरेता पनी पछि सो संसारमा समाजवाद नामक पुस्तक वितरण गरिएको तसर्थ अब भोलिका दिन हरुमा यस्ता प्रकृतिका कामहरु नियम संगत गर्ने प्रतिवद्धताका साथ बेरुजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो ।</td>
<td>९३०००।००</td>
<td>लेखा उत्तरदायी अधिकृत</td>
</tr>
<tr>
<td>९०</td>
<td><u>खाना खाजा खर्च:</u><br><br>कोशी प्रदेशको गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफ ८ अनुसार कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा सदस्यले गाउँपालिका क्षेत्र बाहिर बास बस्नु परेमा रु.१६००।०० का दरले दौनिक भ्रमण भत्ता सुविधा तोकिएको छ ।यस गाउँपालिकाका अध्यक्ष विजय प्रकाश वनेमले विभिन्न मितिमा भ्रमण गर्दा ऐनले तोकेको सुविधाको अतिरिक्त विभिन्न स्थानको खाना तथा होटलबाट खर्च समेत भुक्तानी लिएको । यसरी ऐनले तोकेको सुविधा लिइसकेको अवस्थामा पुनः दोहोरो हुने गरि खाना तथा होटल व्यवसाय खर्च बापत निम्न अनुसारको भुक्तानी लिएको नियम सम्मत नदेखिएको रु.<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं.मिति</th><th>भुक्तानी रकम</th><th>कैफिएत</th></tr>
<tr><td>१</td><td>२५४।२०८०।१२।०१</td><td>८५३२७</td><td>निजि सचिव सुक ब. वनेमलाई भुक्तानी</td></tr>
<tr><td>२</td><td>३८०।२०८१।०२।०७</td><td>८१८३०</td><td>विभिन्न ५थान विजकबाट स्वयंमलमइ भुक्तानी</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१,७६,१५७</td><td></td></tr>
</table></td>
<td>१,७६,१५७।००</td>
<td>गाउँ नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ८ अनुसार खाना तथा होटल बास खर्च लीएको भनी बेरुजु कायम भएकोमा कार्यलयको कामकाजमा विभिन्न समयमा काठमाडौं, विराटनगर, धरान इटहरी, दमक जादाँ दौनिक भ्रमण खर्च १६००को दरले अपुग भएको हुदाँ निजि सचिव सुक ब.वनेमले र स्वयमले लिएको र अब उपरान्त यस्तो किसिमका गल्ती नगर्ने प्रतिवद्धताका साथ बेरुजु लगत कट्टा गर्नको लागी आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो ।</td>
<td>१,७६,१५७।००</td>
<td>लेखा उत्तरदायी अधिकृत</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ९५ | निजी सचिव:<br><br>गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३(३) मा गाउँपालिकाको अध्यक्ष उपाध्यक्षले कार्यालय प्रयोजनको लागी गाउँपालिकाको राजश्व र आन्तरीक आय एवम कार्यालयको कार्यबोझ समेतलाई ध्यान राखी कार्यालयको नियम बमोजिम एक जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने व्यवस्था गरेको छ । तर यस पालिकाका अध्यक्ष तथा उपाध्यक्षले ऐनमा भएको व्यवस्था विपरित २०८० पौष सम्म १।१ जना गरी २ जना निजी सचिव राखी तलब भत्ता खर्च लेखेको पाइयो । यसरी ऐनले तोकेको भन्दा बढी संख्यामा निजी सचिव राखी साउन देखी पौष सम्म तथा चाड पर्व खर्च समेत १ जनाको बढी तलब भत्ता खर्च लेखेको नियमसंमत नदेखिएको रु. | २,३०,३९४।०० | गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३(३) मा गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षले कार्यलयको कार्यबोझलाई मध्यनजर गरी १ जना निजि सचिव राख्न पाउने व्यवस्था भएतापनी कार्यलयको कार्य बोझलाई मध्यनजर गरेर कर्यबोझ घटाइ कार्यसम्पान लाई सरल सहज प्रभावकारी तुल्याउदै सेवा प्रवाहमा समेत सरलिकरण गर्ने उदेश्यका साथ २ जना निजि सचिव राखेको देखियो तसर्थ अब यस्ता प्रकारका कुनै गल्तीहरु नदोर्याउने प्रतिवद्धता गर्दै बेरुजु लागत कट्टाको लागी आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेस गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो । | २,३०,३९४।०० | लेखा उत्तरदायी अधिकृत |

| | | | | | |
|---|---|---|---|---|---|
| १०२ | लामो समयसम्म गयल:<br><br>नारायणी मा.वि.कि बाल विकास सहजकर्ता अनुपा योञन आ.व.२०७९/८० को दोस्रो त्रैमासिक देखि यस आ.व.सम्म नै विद्यालयमा हाजिर भएको पाइऐन । विद्यालयमा हाजिरी भएको पाइएन भने निजलाई नियमित रुपमा तलबभत्ता भुक्तानी भए रहेको पाइयो । निजलाई यस आर्थिक वर्षमा पोशाक भत्ता समेत रु.२,३१,०००।०० भएको पाइयो । यस विषयमा सोधपुछ गर्दा निज शिक्षकको आफेन्त बिरामी भई उपचार तथा रेखदेखमा संलग्न भएको तथा निजको सट्टामा निजको आफन्तले कक्षा नियमित रुपमा लिएको जवाफ प्राप्त भयो ।यसरी बालविकास सहजकर्तालि सट्टा शिक्षक राख्ने प्रावधान नभएको हुँदा लामो अवधिदेखी विद्यालयमा अनुपस्थित शिक्षकलाई त.भ वापतको भुक्तानी भएको नियमसम्मत नदेखिएको रु. | २,३१,०००।०० | नारायणी मा.वि कि बाल विकास सहजकर्ता अनुपा योन्जन लामो समय गयल भए पनि सो को ठाउँमा सट्टामा निजको आफन्त राखि पठन पाठनमा कुनै पनी असर नपरेको देखिन्छ तसर्थ बाल विकास सहजकर्ता राख्ने प्रावधान नरेहे तापनी पठन पठनमा असर नपरेकोले अब उपरान्त यसो नगर्ने प्रतिबद्धता सहित बेरुजु लागत कट्टा का लागि आवश्यक प्रयोजनार्थ कार्यपालिका समक्ष पेस गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने अनुरोध गर्ने निर्णय गरियो । | २,३१,०००।०० | लेखा उत्तरदायी अधिकृत |

**१६ (मिति २०८१ फाल्गुन २२ गतेको गाउँसभाको सोह्रौ अधिवेशनको बैठकको निर्णयहरू)**

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ११६ | <u>कार्यक्रम संचालन सिमा भन्दा बढीको खरिद:</u><br><br>स्थानीय तहहरुबाट सञ्चालने गरिने स्वास्थ्य तर्फका सशर्त कार्यक्रम सञ्चालन सम्बन्धी मार्गदर्शन,२०८०/०८१ को क्रियाकलाप १.१ मा आइएमऐनसिआई कार्यक्रमको पालिका को हकमा समिक्षाको लागी चाहिने औषधी खरिद बापत रु. ५,००००।०० र कोचिङको लागी आवश्यक पर्ने औषधी खरिद वापतको रु. ५०,०००।०० सम्म वजेट खर्च गर्न सक्ने व्यवस्था रहेको छ । यस पालिकाले समिक्षाको लागी रु.९९,९३३।०० र कोचिङको लागि रु.९४,९२०।०० को औषधी खरिद गरेको छ । यस पालिकाले समिक्षाको लागि रु. ४९,९३३।०० र कोचिङको लागी रु.४४,९२०।०० सहित जम्मा रु.९४,८५३।०० तोकिएको भन्दा बढीको औषधी खरिद गरेको छ । कार्यक्रमको लागी तोकिएको रकम भन्दा बढी रकमको औषधी खरिद गरेको रकम नियम संमत नदेखिएको रु. | ९४,८५३।०० | स्थानीय तहहरुबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त कार्यक्रम सञ्चालन सम्बन्धी मार्गदर्शन, २०८०/०८१ को क्रियाकलाप १.१ मा आईएमऐनसिआई कार्यक्रमको लागि रु. ५००००/०० र कोचिङको लागी रु. ५००००.०० भएतापनी सेवाग्राही को भुलवस ठुलो भएको हुँदा सो रकम बराबरको औषधिले नपुग्ने आवस्था देखिएको सेवाग्राही हाललाई ध्यानमा राखी पालिकाले बढी रकमको औषधी खरिद गरिएको र अब उप्रान्त यस्ता किसिमका गल्तीहरु नगर्ने प्रतिवद्धताका साथ बेरुजु लगत कट्टाका लागि आवश्यक निर्णय प्रयोजनार्थ कार्यपालिका समक्ष पेश गर्न गाउँपालिका अध्यक्ष समक्ष अनुरोध गर्ने निर्णय गरियो । | ९४,८५३।०० | लेखा उत्तरदायि अधिकृत |
| | जम्मा | १,६९,६२,४८८.१० | जम्मा | १,६९,६२,४८८.१० | |

८. अन्त्यमा कार्यसूचीको सातौ नम्बर बमोजिम सभा अध्यक्षले वैठकमा अनुपस्थित सदस्यहरू श्री गणेश लिम्बु, दिलमाया शेर्पा, दानुपु शेर्पा, साजन लिम्बु, सुरेश वनेम, सोमकुमारी लिम्बु, लक्पा शेर्पा, चन्द्रकला लिम्बु, सुमन लिम्बु र चन्द्रमान लिम्बु गरी जम्मा १० जना सदस्यहरुको नामावली वाचन गरी सभाको १६ औं अधिवेशन मिति २०८१ फाल्गुन २२ गते राति १२ बजेवाट समाप्त हुने जानकारी सहित अध्यक्ष मार्फत वैठक समापन भयो ।



CamScanner